# आर्थिक वर्ष २०७५/०७६ को
# नीति बजेट तथा कार्यक्रम





दोश्रो नगरसभा मितिः – २०७५ श्रावण १० गते

**जलेश्वर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
जलेश्वर, महोत्तरी, २ नं. प्रदेश, नेपाल

**मिति २०७५/०४/१०**

# जलेश्वर नगरपालिकाको परिचय

## १. संक्षिप्त परिचय

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय तहहरुको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको तराईमा रहेका जिल्लाहरुमध्ये संघीय गणतन्त्र नेपालको प्रदेश नं. २ मा अवस्थित महोत्तरीआर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक एवं पूर्वाधार विकासको दृष्टिकोणबाट सक्षम तथा विकसित रहेको छ । यस जिल्लाको पूर्वमा धनुषा, पश्चिममा सर्लाही, उत्तरमा सिन्धुली र दक्षिणमा मित्रराष्ट्र भारत पर्दछ । त्यसैले तराइको फाँट उत्तरी भेगमा रहेको जंगल, खोल्सा, खोल्सी, खोंच र बेंसि तथा अन्य प्राकृतिक सम्पदाहरुले भरिएको यो जिल्ला रणनितिक हिसावले महत्वपूर्ण  छ ।

२०७३ सालमा गठित स्थानीय तह पूनंःसंरचना आयोगले गरेको सिफारिस बमोजीम महोत्तरी जिल्लामा १५ वटा स्थानीय तह कायम भई कार्यान्वयनमा रहेका छन । ती तहहरुमा जलेश्वर, बर्दिबास, गौशाला, लोहरपट्टी, रामगोपालपुर, मनरा सिसवा, मटिहानी, भँगाह, बलवा र औरही नगरपालिका तथा एकडारा, सोनामा, साम्सी, महोत्तरी र पिपरा गाउँपालिका कायम भएका छन ।

जलेश्वर नगरपालिका प्रदेश २ मा अवस्थित महोत्तरी जिल्लाको सदरमुकाम हो । यहाँको तापक्रम अधिकतम ४२ डिग्री सेन्टिग्रेड र न्युनतम तापक्रम १२ डिग्री सेन्टिग्रेड भएको तराइ क्षेत्र हो जहा भारतको सितामाडि जिल्ला तथा विहार राज्य सँग सिमाना जोडिएको छ । सात वटा ग्रामीण भागलाई समेटी जलेश्वरलाइ वि.स. २०३९ बैशाखमा शहरी पञ्चायत भनी घोषणा गरिएको थियो । यो क्षेत्र प्रख्यात इश्वरीय मन्दिर जलेश्वरनाथ महादेव मन्दिर भगवान शिवबाट समर्पित हो जुन यो नामबाट रहन गएको थियो । महोत्तरी जिल्लाको दक्षिणमा अवस्थित ४४.७२ वर्ग कि.मि. क्षेत्रफल रहेको जलेश्वर नगरपालिकामा साविकका जलेश्वर, नैन्ही, पर्सापतैली अनकार, फुलट्टा परीकौली, सुगा भवानी र पिगौनागाँउ विकास समितिलाई समायोजन गरी गठन गरिएको छ । यो नगरपालिका आर्थिक सामाजिक, सांस्कृतिक, शैक्षिक हिसाबले विकट नगरपालिकाको रुपमा चिनिन्छ । साविकको ७ वटा गाविसलाई समायोजन तथा विभाजन गरी जम्मा हालको १२ वटा वडा मार्फत नागरिकहरुलाई सेवा सुविधा प्रदान गरीएको छ ।

नगरपालिकाको जम्मा घरधुरी तथा जम्मा जनसंख्याको विवरण

| जम्माघरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| १००३४ | ५७५४९ | २८६९६ | २८८५३ |

श्रोतः- राष्ट्रिय जनगणना, २०६८ र स्थानीय निकाय सीमा निर्धारण आयोग प्रतिवेदन, २०७५

यस जलेश्वर नगरपालिका गठन गर्दा कायम गरेको सीमा भित्र पर्ने जनसंख्या २०६८ सालको जनगणना अनुसार ५७५४९ रहेको कुरा नेपाल सरकारले प्रकाशन गरेको राजपत्रमा देखिन्छ । पपुरुषको भन्दा महिलाको संख्या बढी रहेको देखिन्छ ।यस नगरपालिकामा समायोजन गरिएको साविकको ३ वटा गाविस पिगौना, पर्सापटेली र नैन्ही तथा साविकको जलेश्वर नगरपालिका समावेश गरी हालको १२ वटा वडा कायम गरिएको छ ।

## २. भौगोलिक स्वरुपः (भूवनावट, भिरालोपन, मैदान, आदि)

| | |
|---|---|
| फैलावट | अक्षाशः–२६°३८'२२'० उत्तरदेखी २७°५४'३०" सम्म |
| | देशान्तरः–८५°४८'०० "  पूर्वदेखी ८६°००'३५"सम्मको |
| पूर्वमा | मटिहानी नगरपालिका |
| पश्चिममा | एकडारा गाउँपालिका |
| उत्तरमा | महोत्तरी गाउँपालिका |
| दक्षिणमा | भारत देश |
| उचाई | समुन्द्र सतहवाट ९१ मिटर देखि १६० मी. सम्म |
| जम्मा क्षेत्रफल | ४४.७२ वर्ग कि.मि. |
| हावापानी | उष्ण |
| वार्षिक औषत वर्षा | ४८७.६ मि.मि. |
| अधिकतम तापक्रम | अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस |
| न्युनतम तापक्रमः- | न्युनतम  तापक्रम १२ डिग्री सेल्सियस |

## हाल कायम भएको राजनीतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| प्रदेश | संघीय गणतन्त्र नेपालको २ नं प्रदेश |
| नाम | जलेश्वर नगरकार्यपालिकाको कार्यालय, जलेश्वर |
| जिल्ला | महोत्तरी |
| अञ्चल | जनकपुर अञ्चल |
| विकास क्षेत्र | मध्यमाञ्चल विकास क्षेत्र |
| वडा संख्या | १२ |
| केन्द्र | साविक जलेश्वर नगरपालिकाको कार्यालय, जलेश्वर, महोत्तरी |
| निर्वाचन क्षेत्र | ३ |




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016



संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग,
गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830

# जलेश्वर नगरपालिकाको दोश्रो
# नगरसभाबाट पारित

## आर्थिक वर्ष २०७५/०७६ को नीति बजेट तथा कार्यक्रम र आय व्यय सम्बन्धी नगरप्रमुखश्री राम शंकर मिश्र ज्यूद्वारा मिति २०७५ श्रावण १० गते नगरसभासद समक्ष प्रस्तुत नीति बजेट तथा कार्यक्रम

आदरणीय **नगर उप-प्रमुखज्य तथा आदरणीय कार्यपालिका सदस्यहरु**,अब म चालु आ.ब. २०७५/७६ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- यस नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । स्थानीय सरकार; नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियान अघि बढिरहेको यस अवसरमा म लोकतन्त्र प्राप्तिको लामो संघर्ष एवं मद्येश आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, मद्येश आन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।
- जलेश्वर नगरपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।
- नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा धार्मिक सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यस नगरपालिका दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । '**मालिक होइन, सेवक हौं**' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं ।
- आर्थिक वर्ष २०७५/२०७६ को नीति तथा कार्यक्रमको लक्ष्य **"समृद्ध नगर : खुशी नगरबासी"** रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्यिनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।

**अब म २०७४/२०७५ आर्थिक वर्षमा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई बुंदागत रुपमा पेश गर्ने अनुमति चाहान्छु ।**

१. **५८ करोड बजेट निर्माण** : नगरपालिकाबाट आर्थिक वर्ष २०७४/७५ का लागि ५८ करोड रुपैंयाँको बजेट सार्वजनिक गरिएकोमा आर्थिक वर्षको अन्तसम्म करिब ७५% कार्यान्वयन हुने देखिएको छ ।

२. **सडक पिसीसी योजना** : '**नगरका सबै बाटोलाई व्यवस्थित र स्तरउन्नती गराउने**' योजनाअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्राय सबै वडामा काम सम्पन्न भएको छ ।

३. **पशु घास विउ वितरण** : नगरपालिकाले गत आर्थिक वर्षबाट सुरु गरेको पशु घास कार्यक्रम अनुदानको व्यवस्था आर्थिक वर्ष २०७५/०७६ मा पनि लागू गरिने भएको छ ।

४. **एकीकृत नगर विकास गुरुयोजना निर्माण** : **"सम्मुनत, सुरक्षित तथा वातावरणमैत्री सुन्दर शहर, सुशासनयुक्त पर्यटकीय र समृद्ध जलेश्वर नगर"** भन्ने दुरदृष्टि सहित नगरको एकीकृत विकासका लागि गुरुयोजना बनाउने काम सम्पन्न हुने क्रममा रहेको छ ।

५. **सार्वजनिक सेवा प्रवाह र सुशासन** : स्थानीय तहको सेवा संचालन ऐन २०७४ बमोजिम वडा कार्यालयहरुबाट सम्पादन हुने कामहरु तत्-तत् वडा कार्यालयहरुबाट नै सम्पादन हुने व्यवस्था आ.व.०७५।०७६ देखि मिलाएको छु ।

६. सार्वजनिक हानी नोक्सानी नहुने तर प्रचलित मापदण्ड पूरा गर्न नसकेर नक्सापास, नक्सा नियमित गर्ने लगायतका कामहरु थाँती रही समस्यामूलक बनेका स्थानीय जनताका समस्याहरु स्थलगत अनुगमन गरी समस्याको हल गर्ने परिपाटीको सुरुवात गरिएको छ ।

७. **भ्यूटावरको काम सुरु** : वडा नं. २ स्थित भ्यूटावरको शिलन्यास भई निर्माण कार्य सुरु भएको छ । यसलाई व्यापक छलफल गरी आकर्षक बनाईने छ ।

८. **बाढी पीडित राहत वितरण** : बाढी पिडितहरुलाई नगरपालिकाबाटै राहत वितरण गरिएको र आ.व.०७५।०७६ देखि त्यस्ता कार्यक्रम प्रभावकारी तरिकाले संचालन गरिने छ ।

९. **सार्वजनिक जग्गाको लगत संकलन कार्य** : नगरपालिका भित्रको सार्वजनिक/सरकारी जग्गाको लगत संकलन कार्य शुरु गरिएकोछ र यसकार्यलाई निरन्तरता दिइनेछ ।

१०. **तथ्यांक संकलन** : नगरभित्रका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन नागरिकको तथ्यांक संकलन कार्य सबै वडाहरुमा भैरहेको छ । यस्तै नगरको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्यांक अभिलेख अद्यावद्धिक गर्नको लागि तथ्याँक प्रविष्टि (डाटा ईन्ट्री) को काम भैरहको छ ।

११. **सरसफाई अभियानलाई नियमितता प्रदान** : नगरलाई सफा, सुन्दर र हरभरा बनाउन सरसफाई अभियानलाई '**ग्रिन जलेश्वर, क्लीन जलेश्वर**' तथा '**पवित्र,सुन्दर,हरित तथा समृद्ध जलेश्वर**' भन्ने नाराका साथ नियमित बनाइने छ ।

१२. **फोहोरमैला व्यवस्थानपन** : नगरपालिका क्षेत्रबाट निस्कने फोहोरलाई स्रोतमै वर्गिकरण गरी गल्ने र नगल्ने छुट्‌टाई फोहोर उत्पादनको मात्रालाई कम गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि जनसहभागिता आधारित निजी साझेदारी अवधारणाअनुसार कार्य प्रारम्भ गरिने छ । साथै फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको सम्भाव्यता अध्ययन गरिने छ ।

१३. **छाडा चौपाया व्यवस्थापन** : नगरपालिकामा रहेका छाडा चौपायहरु नियन्त्रण अभियान संचालन गरिएपनि यसकार्यलाई अझ प्रभावकारी बनाउन प्रथमिकताका साथ अगाडी बढाइने छ ।

१४. **मुल सडक तथा अन्य सडक व्यवस्थापन** : नगरपालिकाक्षेत्र भित्र रहेका मुल सडक तथा अन्य सडकहरुमा अतिक्रमण गरि पशल तथा अन्य सामग्री राखने लाई यस आ.व. २०७४/०७५ मा नियन्त्रन गरीएको र यस कार्यलाई निरन्तरता दिइनेछ ।

१५. **स्थानीय शिक्षा** : **न**गरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउने गरी आवश्यक नीतिगत व्यवस्था गरी विभिन्न कार्यहरु सम्पन्न गरिएको छ । विभिन्न सामुदायिक तथा निजी विद्यालयहरुको नियमित अनुगमन गरिएको छ । सामुदायिक विद्यालयका प्रअहरुसँग कार्यसम्झौता प्रकृया अगाडी बढाइएको छ ।

- **न**गरका सबै सामुदायिक विद्यालयको बाल विकास शिक्षाका सबै बालबालिकाहरुलाई **निःशुल्क खाजा र पाठय पुस्तक को** व्यवस्था नेपाल सरकारको सशर्त अनुदानबाट मिलाइएको छ ।
- नगरपालिकाको शैक्षिक अवस्थाको तथ्यांकगत अवस्था झल्किने गरी **शैक्षिक प्रोफाइल** तयार पार्ने काम भैरहेको छ । यो शैक्षिक सत्रभित्र नगर शिक्षा नीति तथा कार्यक्रम बनाउने लक्ष्य छ ।

१६. **विषयगत शाखा व्यवस्थापन** : शिक्षा, सहकारी, स्वास्थ्य, महिला विकास लगायतका विषयगत शाखा स्थापना भई विषयगत रुपमा कार्यसम्पादन भैरहेका छन् ।

१७. **स्थानीय कानून** : नगरपालिकाले विभिन्न ऐन,कानुन,कार्यविधिहरु तयार गरी नगरसभामा पेश गरि लागु गर्ने व्यवस्था मिलाईएको छ । नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका सार्वजनिक महत्वका कार्यक्रमलाई उपलब्धिमुलक, मितव्यायी, छिटो-छरितो, समयसापेक्ष बनाउन **सार्वजनिक महत्वका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका** जारी गरिएको छ ।

१८. **स्थानीय न्याय सम्पादन** : प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम शुरुवात गर्न समिति गठन भै कार्य शुरुवात गर्ने व्यवस्था मिलाईएको छ । न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधिहरुको प्रकाशन लगायतका कामहरु शुरुवात भएका छन् ।

१९. **टोल विकास संस्थाहरुको गठन** : नगरको विकासलाई समुदायमा आधारित, समुदाय नियन्त्रित बनाउँदै स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरी समग्र विकासमा योगदान पुर्याउनको लागि गठन प्रकृया आ.व.२०७५/०७६ बाट शुरुवात गरिने छ् ।

२०. **भगिनी सम्बन्ध** : कृषि, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि र सांस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय शहरहरुसँगको सम्बन्ध विस्तार गरी नगरपालिकाको पहिचान स्थापित गर्ने उद्देश्यले विभिन्न देशका शहरहरुसँग नेपाल सरकारको स्वीकृती लिई भगिनी सम्बन्ध राख्नको लागि आवश्यक गृहकार्य गरिने छ ।

२१. **बजार अनुगमन** : बजार अनुगमन निर्देशिकाअनुसार बजार अनुगमनको कार्यलाई नियमित पारिएको छ । नगरपालिका अन्तर्गत्का नदी,पोखरी तथा खोलाहरुबाट हुने नदीजन्य पैदावारको अनियमितता तथा चोरी निकासी नियन्त्रणका लागि विशेष पहलका कामको थालनी गरिएको छ र निरन्तरता दिइने छ ।

२२. **व्यवस्थित सहरीकरणका लागि 'ल्याण्ड पुलिङ' को अवधारणा** : व्यवस्थित र योजनाबद्ध सहरीकरणका लागि नगरपालिकाले '**ल्याण्ड पुलिङ प्रोजेक्ट**' को अवधारणा अघि सारेको छ । '**ल्याण्ड पुलिङ**' का सन्दर्भमा नगरपालिकाले विज्ञसँग छलफल तथा अन्तरक्रिया गरिसकेको छ ।

२३. **जथाभावी जग्गा प्लटिङमा रोक तथा भवन तथा सडकको नयाँ मापदण्ड : जग्गा विकास तथा प्लटिङ सम्बन्धी मापदण्ड-२०७४** जारी गरी नगरपालिकाको पूर्व-स्वीकृतिविना जग्गा प्लटिङमा रोक लगाइनुका साथै **भवन निर्माण मापदण्ड-२०७४** कार्यान्वयनमा ल्याइएको छ ।

२४. **स्वायत्त क्षेत्र घोषणा गर्न सिफारिस** : स्थानीय सरकार सञ्चालन ऐनमा रहेको 'एकै भाषा वा संस्कृति भएका स**मुदायको** सघन उपस्थिति र बाहुल्यता रहेको, सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औषतभन्दा कम रहेको जिल्ला, स्थानीत तह वा वडालाई प्रदेश सरकारको परामर्शमा नेपाल सरकारले स्वायत्त क्षेत्र घोषणा गर्न सक्ने' भन्ने व्यवस्थाअनुसार स्वायत्त क्षेत्रको रुपमा घोषणा गर्न नेपाल सरकारलाई स्थान तोकि आग्रह गरिने छ ।

२५. **प्राथमिकतामा रहेका सडकको राइट अफ वे निर्धारण** : नगर क्षेत्र भित्रका सडकहरुलाई कम्तिमा ४ मिटर निर्धारण गरेर प्राथमिकीकरणका साथ शहरी शासन तथा पूर्वाधार विकास आयोजनालाई विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्न कार्यको अगाडी बढाइएको छ ।

२६. **व्यवसायीलाई करको दायरामा ल्याउन वडा-वडामा शिविर** : सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउनुका साथै तिनीहरुको तथ्यांक अद्यावधिक राख्न वडा-वडामा पुगेरै व्यवसाय दर्ता गर्ने प्रयास गरिएको छ ।

२७. **नगरको सिटी फ्लावर निर्धारण** : नगर फूल (सिटी फ्लावर) को रुपमा वडा कार्यालय, विषयगत कार्यालय, शिक्षण संस्थालगायतका सबै प्रकारका संगठिन संघ-संस्थाको परिसर तथा सडकहरुमा आकर्षक डिजाईमा विरुवा फूल रोप्ने व्यवस्था मिलाउन नगर कार्यालय,वाडा कार्यालय ,विषयगत कार्यालय तथा संघ-संस्थालाई आग्रह गरिएको छ ।

२८. **अन्य केन्द्रिय निकाय बाट निमार्ण भइरहेका पुर्वाधार** :यस नगरपालिका क्षेत्रभित्र सधन शहरी विकास कार्यक्रम अनर्तगत निर्माणाधिन आयोजनाहरुको अनुगमनमा विशेष प्राथमिकताकासाथ अनुगमन गरिएको र यसकार्यलाई निरन्तरता दिइनेछ ।

२९. **जलेश्वर नगरपालिकाको अधिकांश वडाका विभिन्न टोलह**रुमा यस आ.ब. मा १९ वटा टावरलाईट जडान गरि उज्यालो नगर, टोलको रुपमा विकास गरिएको छ । यस कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

## आगामी आर्थिक वर्ष आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

**शिक्षाः**

१. शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै '**सामुदायिक विद्यालयको शैक्षिक र भौतिक सुधारः बालबालिका विद्यालय प्रवेशको पहिलो आधार**' भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारमा लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र लगनशीलता साथ अगाडि बढिनेछ । यस क्षेत्रको सुधारका लागि कुनै प्रकारका बहानाबाजी, निहीत स्वार्थ हाम्रा लागि स्वीकार्य हुने छैन । हचुवाका भरमा होइन स्थापित मान्यताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ आगामी आर्थिक वर्षमा शैक्षिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहक रुपमा विकास गर्नका लागि सबै तह एवं विधाको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको अन्त्य, असल अभ्यासहरुको आदान प्रदान, अन्त्य, शिक्षा क्षेत्रका **"आशालाग्दा अभ्यास"** र **"प्रयास गरे परिवर्तन सम्भव छ"** भन्ने मान्यता स्थापितका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिकालाई शैक्षिक क्षेत्रको हबको रुपमा विकास गरिनेछ । यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयतात्मक प्रयासलगायत शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा शैक्षिक सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएका पाठहरुको आधारमा विद्यमान कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउँदै रणनीतिक ढंगले अगाडि बढाइनेछ । आगामी ३ वर्ष भित्र सामुदायिक र संस्थागत विद्यालय बीचको **दुरी समान** गर्ने, सामुदायिक विद्यालयप्रति **आकर्षक बढाउने** रणनीति अवलम्बन गरिनेछ ।

४. संस्थागत विद्यालयद्वारा विद्यार्थीहरुलाई उपलब्ध प्रदान गर्नुपर्ने छावृत्तिलाई १० प्रतिशत कायम गरी प्रभावकारी कार्यान्वियन गराईनेछ ।

५. लैङ्गिकमैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनीति तय गरी कार्यान्वियनमा ल्याइनेछ ।

६. सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार, दरबन्दी मिलान, विद्यालय अनुगमन, दिवा खाजा, टिफिनकारी वितरण, विद्यार्थी भर्ना अभियान, केही विद्यालयको विस्तृत योजना तयार पार्ने, सबै विद्यालयलाई पूर्णसरसफाईयुक्त, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धिलगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन ।

७. नगरपालिका भित्र संचालनमा रहेको प्राविधिक शिक्षा अध्यापनका लागि **नगर प्राविधिक हवको** स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

८. भौतिक पूर्वाधारयुक्त विद्यालयहरुमा प्राविधिक-शिक्षा अध्ययन-अध्यापनको लागि आवश्यक पहल गरिनेछ ।

९. महत्वपूर्ण **मैथलि लगायत स्थानीय पाठ्यक्रमको** विकास गरिने छ ।

१०. कार्यपालिकाको निर्णयानुसार समायोजना भएका सामुदायिक विद्यालयको भौतिक सम्पत्ति व्यवस्थापनलाई उच्च प्राथमिकताका साथ कार्यान्वियनमा लगिनेछ ।

११. टिनका छाना भएका सामुदायिक विद्यालयहरुमा क्रमशः **"फल्स सिलिङ्ग"** राख्ने व्यवस्था आधारभूत तहबाट सुरु गरी विद्यार्थीहरुलाई टिनको प्रत्यक्ष छानामुनी बस्नु पर्ने बाध्यताको अन्त्य गरिनेछ ।

१२. नगरभित्रका सामुदायिक क्याम्पसहरुको संस्थागत विकास र स्तरोउन्नतीका लागि आवश्यक पहल गरिनेछ ।

**स्वास्थ्य :**

१३. **'स्वस्थ नगरबासी : स्वस्थ नगर'** भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगर सरकार क्रियाशील रहनेछ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरुलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरुको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, नेपाल सरकारबाट प्राप्त स-सर्त कार्यक्रमको अझै प्रभावकारी तवरले कार्यान्वियन गर्न, आयुर्वेद औषधालयको क्षमता अभिवृद्धि, प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुको नियमन, महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य तथा पोषण कार्यक्रम, औषधी तथा उपकरण आपूर्ति, स्वास्थ्य बीमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन तथा जुकाको औषधी लगायतका

राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वियन सहित नगरपालिकाको समग्र स्वास्थ्य प्रणालीको सुधारका लागि प्राथमिकता निर्धारण गरी छुट्टै नगर स्वास्थ्य नीति तर्जुमा गरी अगाडि बढाइनेछ । स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा सहयोग पुर्याउने गरी बजेट व्यवस्था गरिनेछ भने सहरी स्वास्थ्य क्लिनिकहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक रणनीति तय गरिनेछ । अस्पतालको स्तरउन्नतिका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

१४. उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी **"सुनौलो अवकाश योजना"** लागू गरि कार्यान्वियनमा ल्याइनेछ भने बाँकी रहेका महिला स्वयम्सेविकाको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । साथै, उनीहरुलाई निश्चित प्रतिशत रकम खाजा भत्ता स्वरुप उपलब्ध गराइनेछ भने उत्कृष्ट कार्य गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।

१५. मदिरा र सुर्तिजन्य पदार्थको उत्पादन, सेवन, आयात र बिक्री वितरण गर्ने कार्यलाई कार्यविधि अनुसार व्यवस्थित गरिनेछ । शैक्षिक संस्थाहरुमा ध्यान र योग शिक्षा कार्यान्वियनका लागि प्रोत्साहन गरिनेछ ।

१६. जलेश्वर अस्पताल लगायत अन्य स्वास्थय संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार सहितको कार्यक्रम संचालन ल्याइनेछ ।

१७. नगरपालिका भित्र रहेका स्वाथ्य चौकीहरुमा मासिक रुपमा आलोपालो गरी विशेषज्ञ चिकित्सकहरुको व्यवस्था गरी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१८. प्रदेशस्तरीय सरकारी मेडिकल कलेज स्थापनाका लागि संघीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१९. स्वास्थ्य चौकीहरुमा रहेका प्रयोगशालाहरु तथा वर्थिङ्ग सेन्टरहरुको स्तरोउन्नती गरिनेछ ।

**कृषि तथा पशुपालन :**

२०. नगरपालिका भित्रको कृषियोग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथा विशिष्टिकरण मार्फत् नगरपालिकालाई **कृषि उत्पादनमा आत्मनिर्भर** बनाउनको लागि आवश्यक रणनीति तय गरिनेछ ।

२१. '**एक घर : एक करेसाबारी : पकेट क्षेत्रमा व्यवसायिक तरकारी**' भन्ने नाराका साथ तरकारी उत्पादनको प्रशस्त सम्भावना रहेको लाई **"तरकारी पकेट क्षेत्र"** अन्य वडाहरुमा **"एक घर : एक करेसाबारी"** को नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादनलाई नगरभरी विशेष अभियानका साथ संचालन गरि आगामी एक वर्षभित्र तरकारीमा आत्मनिर्भर नगरपालिका घोषणा गरिनेछ ।

२२. नगरपालिका क्षेत्रमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले कम्तिमा १५ जना कृषकलाई कृषि ऋण उपलब्ध गराई सोही प्रयोजनमा सदुपयोग हुन गएमा वा यस नगरपालिका भित्रका विभिन्न समूह (आमा समूह, टोल विकास संस्था, क्लव) लाई नगद/वस्तुगत सहायता उपलब्ध गराएमा त्यस्ता बैंकलाई **"हाम्रो बैंक"** नामक टोकन प्रदान गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

२३. सार्वजनिक महत्वका कार्यक्रममा आयातित फूलको प्रयोग गर्ने नगरपालिकाको अभियानलाई सफल पार्नको लागि फूलमालाको आयातलाई पूर्णरुपमा निरुत्साहित गरी स्थानीय फूलमालालाई प्रोत्साहन गर्ने अभियान संचालन गरिनेछ । कृषि कार्यमा लाग्ने ईन्धनको नियमित आपूर्तिलाई व्यवस्थित गर्न स्थानीय ईन्धन डिपोहरुसँग सहकार्य गरिने छ ।

२४. सिंचाई प्रणाली आसपासका **जग्गाहरु बाँझो राख्न नपाउने** व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वियनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहित गरिनेछ ।

२५. कृषि हाटबजारहरुको विवरण संकलन गरी व्यवस्थित तवरले संचालन गरिनुका साथै कुनै व्यक्ति तथा संघ-संस्थाले सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटबजार संचालन गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ । **"माछा उत्पादनमा आत्मनिर्भर"** नगरपालिका घोषणाको लागि माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । पोखरीहरुको संरक्षण र व्यवस्थापन गरिने छ ।

२६. '**व्यवसायिक रुपमा काम गर्ने किसानलाई नगरपालिकाको सम्मान : सबै किसानलाई उत्पादनमा आधारित अनुदान**' नीति अवलम्वन गरिनेछ । दुग्ध उल्पादक किसानहरुलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ । नगरपालिका भित्र दुधको मूल्यमा एकरुपता कायम गरिनेछ । पशुपालन किसानहरुलाई दिंदै आएको पशु बीमा अनुदानलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ । बाली तथा पशु संरक्षण कोषको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ । सिंचाई सुविधा पुगेको र कृषियोग्य क्षेत्रलाई घडेरीमा परिवर्तन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

२७. स्थानीय संचार माध्यममा स्थानीय कृषि प्रणालीमा आधारित **"कृषि कार्यक्रम"** संचालन गरिनेछ ।

**सहकारी :**

२८. बचत तथा ऋणको कार्यक्रम संचालन गर्ने सहकारी मार्फत् **वित्तीय साक्षरता कार्यक्रम** संचालन गरिनेछ । निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुसँगको सहकार्यबाट सहकारी प्रवर्द्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पूँजी परिचालन, सहकारी मार्फत लगानीको अभिवृद्धि, **सहकारी खेती प्रणाली** लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२९. सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ । सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी **थ्रीपी मोडलमा उत्पादनमूलक उद्योग व्यवसाय** संचालन गर्ने कार्य अघि बढाइनेछ । नगरभित्रका सहकारीसँग सम्बन्धित अभिलेख अद्यावधिक गरिनेछ ।

३०. किसानहरु र कम आयस्तर रहेका नगारिकहरु आवद्ध रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइनेछ ।

**सिंचाई :**

३१. भूमिगत लगायतका सिंचाई प्रणाली र बोरिङ्गहरुलाई पूर्वअवस्थामा संचालनमा ल्याउन प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ ।

३२. नगरको उपयुक्त स्थानमा **बहुउपयोगी सिंचाई पोखरी** संरक्षण र निर्माण गर्ने कार्य अघि बढाइनेछ ।

३३. जलेश्वरको सिंचाई प्रणालीको धरोहरको रुपमा रहेका **पोखरीहरुको संरक्षण र सुदृढिकरणका** लागि सरोकारवालाहरुसँगको सहकार्यमा उपयुक्त कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।

३४. अन्य क्षेत्रबाट यस नगरपालिकामा आउने **प्लाष्टिकजन्य फोहोरलाई रोकथाम** गरिने कार्यक्रम छ ।

३५. नगर भित्रका ठूला खोला तथा कुलोहरुमा **सघन सरसफाई कार्यक्रम** संचालन गरी सिंचाई प्रणालीलाई चुस्त दुरुस्त रुपमा राखिनेछ ।

**उद्योग तथा रोजगारी :**

३६. विकासको मेरुदण्डको रुपमा रहेको उद्योग तथा कलकारखानाका लागि हाम्रो नगरपालिका पूर्वाधार, यातायात, सञ्चार, अन्तर्राष्ट्रिय सीमा, पर्याप्त जमिनलगायतका हरेक दृष्टिकोण उपयुक्त रहेको हुँदा पर्याप्त औद्योगिक वातावरण प्रदान गर्नको लागि नगरपालिका दृढ संकल्पित छ ।

३७. संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रही सबै प्रकारका उद्योगहरुको व्यवस्थापनका लागि  एकीकृत नीति तर्जुमा गरी उद्योगहरुलाई व्यवस्थित गरिनेछ । न्यूनतम १० जना नगरबासीलाई रोजगारी दिने उत्पादनमूलक उद्योगहरु चालु वर्षमा सुरु भएमा आगामी ३ वर्षसम्म लाग्ने व्यवसायिक करमा २० प्रतिशत छुट दिइनेछ । कम्तीमा ५० जना नेपाली नागरिकलाई रोजगारी दिने उत्पादनमूलक चालु उद्योगको नाममा रहेको जमिनमा लाग्ने एकीकृत सम्पत्ति करमा १५% छुट दिने नीति अवलम्वन गरिनेछ ।

३८. अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा ५०% छुट दिइने नीति अवलम्वन गरिनेछ । उद्योगमैत्री वातावरण निर्माणका लागि नगरपालिकाले हरसम्भव प्रयास गर्नेछ । नगरपालिकाको नियमित बजेटबाट संचालन गरिने विषयगत तालीमलाई एकीकृत अवधारणा अनुसार नियमित रुपमा सञ्चालन गरिनेछ ।  नगरपालिकाबाट प्रदान गरिने तालिमहरुलाई सीपयुक्त  र स्वरोजगारमूलक बनाउनेगरी आगामी वर्ष न्यूनतम ५०० जना युवा/युवातीलाई स्वरोजगारमूलक तालिम प्रदान गरिनेछ ।

३९. प्रत्येक वाडाको  खुला क्षेत्रमा **"जलेश्वर उद्योग ग्राम"**  स्थापना गर्नको लागि प्राथमिक्ताका साथ आवश्यक प्रक्रिया अगाडि बढाइनेछ **।**

४०. गरिवि निवारणका लागि लधुउद्दम विकास कार्यक्रम (MEDPA) संचालन लाई प्राथमिक्ता दिइनेछ ।

४१. वैदेशिक रोजगारलाई व्यवस्थित गर्ने नेपाल सरकार र स्वीस सरकार विच भएको द्विपक्षिय सहयोग सम्झौता अनुरुप सुरक्षित आप्रवास परियोजना - (Safer Migration Project SaMI) मार्फत प्रप्तहुने बजेट अनुसार कार्यक्रम अगाडि बढाइनेछ साथै उक्त कार्यक्रमको लागि नगर पालिकाबाट  समेत विषेश प्रथमिक्ताकासाथ अगाडि बढाइने छ **।**

**पर्यटन :**

४२. जलेश्वरनाथ मन्दिर भागेश्वर कुट्टी, वजराही रामजानकी कुट्टी, मलिवारा कुट्टी, ब्रम्हचारी कुट्टी, परिक्रमा स्थलको लगायत अन्य मठ मन्दिर का साथै यस नगरपालिका पोखरी तलाउहरुलाई समुनत विकासका लागि एकीकृत वृहत योजना बनाई ने छ । जलेश्वरनाथ महादेव मन्दिरको व्याप्क प्रचार प्रसार गरी राष्ट्रिय अन्तराष्ट्रिय प्रर्यटक आउने वातावरण सृजना गरीने छ । भगवान जलेश्वरनाथ महादेवको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले प्रमुख राजमार्ग तथा सहायक राजमार्गहरुमा आकर्षक महादेवको मूर्तिहरु राखिनेछ । शहरभित्रका महत्वपूर्ण पार्कहरुलाई थप व्यवस्थित र स्तररोन्नती गर्दै आकर्षणको केन्द्र बनाईनेछ ।

४३. जलेश्वर जनकपुर राजमार्ग अन्तर्गत् जलेश्वर नगरपालिकाको उत्तर दक्षिण प्रवेशद्धारका २ स्थानहरु (मलिवारा र परकौलीमा) **आकर्षक "प्रवेशद्धार"** निर्माण मार्फत पर्यटकहरुलाई नगरको फरकपन अनुभूति गराइनेछ । नगरको गौरवको रुपमा रहेको **"जलेश्वर भ्यूटावर"** को निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा नै पूरा गरिनेछ । ताल तथा पोखरीलाई संरक्षण र स्तरोउन्नती गरिनेछ । नगरभित्र रहेका अन्य पर्यटकीय तथा वनभोज स्थलहरुको स्तरोउन्नतीको लागि आवश्यक व्यवस्था मिलाइनेछ । **"जलेश्वर गार्डेन"** निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

४४. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना गर्न होटल व्यवसायले स्थानीय लाई मात्र रोजगारी दिई कम्तीमा दुइ सय पर्यटक (आन्तरिक पर्यटक समेत) बसाउनेलाई आ.व. २०७५/०७६ मा व्यवसाय करमा १५% छुट दिई पर्यटन प्रवर्द्धनको क्षेत्रमा योगदान गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

**साहित्य, कला र संस्कृति :**

४५. नगरस्तरीय भाषा, कला संस्कृति सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुलाई व्यवस्थित गर्नको लागि **आवश्यक संस्थागत व्यवस्था** गरी उक्त संस्थाको समन्वयमा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।

४६. मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगी कृतिहरुको संरक्षण, विद्वानहरुको सम्मान र साहित्यिक गतिविधिहरुको प्रवर्द्धन गरिनेछ ।

४७. समाजमा विद्यमान **छाडा संस्कृति निरुत्साहित** गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।

४८. नगर भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्नेलगायतका कामहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

४९. वडा नं २ मा साधना कला केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको सहकार्य र सह-लगानीमा आधुनिक सुविधासम्पन्न **"जलेश्वर सांस्कृतिक भवन (नाच घर)"** सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

५०. जलेश्वरको गौरवको रुपमा रहेको **जलेश्वरनाथ मन्दिर र वरिपरीका क्षेत्रको लागि एकीकृत गुरुयोजना** बनाई कार्यान्वियनमा ल्याइनेछ ।

५१. नगरपालिका भित्र रहेका ऐतिहासिका पुरातात्विक महत्वका सम्पदाहरुको अभिलेखिकरण, प्रवर्द्धनका लागि आवश्यक रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्वका विविध विषयहरुलाई समेटी **वृत्त चित्र निर्माण** लगायत अन्य माध्यमबाट प्रचारप्रसार गरिनेछ ।

५२. नगर भित्रका आदिबासी, जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै **स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम** तयार गरिनेछ ।

५३. नगर क्षेत्रभित्र वैवाहिक समारोह लगायत अन्य सामाजिक कार्यक्रमको लागि अत्याधुनिक भवन बनाउन अन्य निकायसँग सहकार्यगरी वा व्यवस्थापनको जिम्मा दिई निमार्णकार्य गराईने छ ।

**भवन, तथा शहरी विकास तथा पूर्वाधार :**

५४. नगरमा उपलब्ध सीमित आर्थिक, सामाजिक, भौतिक र पूर्वाधारका सेवाहरुमा तीव्र बसाईसराईका कारणले निरन्तर थप चाप परिरहेको छ । नगरको योजनाबद्ध विकास मार्फत **स्वच्छ, सुरक्षित र समृद्ध र पहिचानयुक्त नगरको** रुपमा विकास गरी नगरबासीहरुको माग अनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय सहरी सेवा तथा सुविधा उपलब्ध गराई नगरबासीहरुको जीवन स्तरमा सुधार ल्याउनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृनिकायहरुको समन्वयमा समेत कार्यक्रमहरु संचालन गरिनेछ । भू-उपयोग नीति २०७२ एवं राष्ट्रिय भू-उपयोग आयोजनाबाट तयार पारिएको योजनालाई कार्यान्वियन गर्नको लागि आगामी आर्थिक वर्षमा आवश्यक पूर्वाधारहरुको निर्माण गरी कार्य संचालन गरिनेछ । उपर्युक्त स्थानमा **ल्याण्ड पुलिङ्गको** अवधारणा अनुसार कामको थालनी गरिनेछ ।

५५. भवन निर्माण मापदण्ड २०७४ लाई कडाईका साथ कार्यान्वियनमा ल्याइनेछ । सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ । **किफायती आवासका नमूना नक्साहरु तयार पारी** नगरबासीलाई उपलब्ध गराइनेछ । सार्वजनिक-साझेदारी नीतिको अवधारणा अनुसार **एकीकृत आवास निर्माणको** लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

५६. नगरपालिका भित्रका **पराल र खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन** कार्यविधि बनाएर कार्यान्वियनमा ल्याइनेछ ।

५७. नगर भित्रका भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई सुरक्षित बसोबासको लागि **सामूहिक आवास निर्माणको** सम्भाव्यता अध्ययन गरिनेछ ।

५८. आर्थिक वर्ष २०७५/०७६ मा नयाँ पक्की सडक निर्माणको अलावा पुराना जीर्ण सडकको मर्मत सुधारलाई विशेष महत्व दिइनेछ । पक्की सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता दिइनेछ ।

५९. नगरपालिका भित्र रहेका सडकहरुको डिजिटल प्रविधिमा आधारित **Road Inventory** लाई चालु आर्थिक वर्षमा नै सम्पन्न गरी सर्वसाधारणको जानकारीको लागि उपलब्ध गराइनेछ । जलेश्वर रिङ्ग रोडको विस्तृत परियोजना प्रस्ताव तयारीका लागि आवश्यक पहल नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी **विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती,सोलर /टावर लाईट आदिको व्यवस्थापन** लगायतका पूर्वाधारका निर्माणको कामलाई प्राथमिकता दिईनेछ ।

६०. जलेश्वर नगरलाई उज्यालोनगर बनाउन टावर लाइट जडान कार्यलाई प्राथमिक्ताकासाथ अगाडि बढाइनेछ ।

**सार्वजनिक नीजि साझेदारी :**

६१. सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अवलम्बन गरी कृषि/पर्यटन/फोहोरमैला व्यवस्थापन, उद्यम/व्यवसाय भौतिक संरचना निर्माण सहितका कार्यक्रम संचालन गरिनेछ ।

**सूचना तथा संचार :**

६२. **न**गर भित्रका सामुदायिक रेडियोहरुको साथै सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ ।

६३. जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, **जनतासँग मेयर**लगायतका रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ ।

६४. सूचना प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ ।

६५. संचार क्षेत्रको संस्थागत विकासका लागि महोत्तरी पत्रकार महासँघ जलेश्वरको भवनलाई प्रभावकारी बनाउन पहल गरिने छ ।

६६. नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडिया हाउसहरुलाई पुरस्कृत गर्नको लागि **"उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षय कोष"** स्थापना गरी वार्षिक रुपमा पुरस्कृत गरिनेछ । **"लेस पेपर" को अवधारणा अवलम्वन गर्दै "पेपर लेस" कार्यालय घोषाणाका लागि पूर्वाधार खडा गरिनेछ ।**

६७. जलेश्वर नगरको प्रत्येक वाडामा Free Wifi Zone बनाउने कार्यलाई प्राथमिक्ताकासाथ अगाडि बढाइनेछ ।

**विपद् व्यवस्थापन :**

६८. आर्थिक वर्ष २०७५/७६ मा दमकललाई प्रभावकारी संचालनमा ल्याउन फायर म्यानको उचित व्यवस्थापन गरिनेछ । नगर प्रमुख विपद् व्यवस्थापन कोषमा थप रकम जम्मा गर्नको लागि सहयोगीहरुलाई आव्हान गरिनेछ भने उक्त रकमको परिचालनलाई थप व्यवस्थित गरिनेछ । विपद् व्यवस्थापन गर्न पूर्वतयारी सम्बन्धी विविध कार्यहरु संचालन गरिनेछ ।

६९. नगर भित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपत व्यवस्थपन, क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी पूर्व तयारी रणनीति तय गरिनेछ ।

७०. **बाढी तथा डुवान कार्यलाई व्यवस्थित** गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, सघन समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापन आवश्यक रणनीति तय गरिनेछ ।

**छाडा चौपाया र गौशाला व्यवस्थापन :**

७१. नगरपालिका क्षेत्रभित्र वेवारिसे रुपमा छाडिएका छाडा चौपायाको नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य गर्न **विशेष अभियान संचालन** गरिनेछ । यसमा विभिन्न संघ-संस्था र नगरबासीको सहयोग लिइनेछ ।

**वन तथा वातावरण संरक्षण :**

७२. नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा **"वातावरण मैत्री स्थानीय शासन"** (EFLG) का कार्यक्रमका सूचकहरु कार्यान्वयन गर्दै लगिनेछ । वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका **"खुला क्षेत्र"** लाई मनोरञ्जनात्मक स्थलको रुपमा विकास गरिनेछ । स्थानीय नागरिकको संलग्नतामा न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरु निर्धारण गरी वातावरणमैत्री विकास र स्वच्छ वातावरणको कार्यक्रलाई प्रवर्द्धन गरिनेछ ।

७३. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा **"वृक्षारोपण" तथा "वन विस्तार कार्यक्रम"** संचालन गरिनेछ । सामुदायिक वनसँगको सहकार्यमा **"नर्सरीको स्थापना, स्तरोउन्नती"** लगायतका कामहरु संचालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ ।

७४. सार्वजनिक जग्गा, सामुदायिक र सरकारी वनमा उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्याउनेगरी **वृक्षारोपण तथा सामुहिक खेती प्रणाली** नीति अवलम्वन गरिनेछ ।

७५. सार्वजनिक ऐलानितथा पर्तिजग्गा संरक्षण कार्यलाई निरन्तरता तथा जलाधार संरक्षणकालागि नगर भित्रका पोखरीको जिर्नोद्धारकार्य गरिने छ ।

**हरियाली प्रवर्द्धन :**

७६. **"ग्रीन जलेश्वर, क्लिन जलेश्वर** भन्ने नाराका साथ सुरुवात गरिने **हरियाली प्रवर्द्धन अभियान**लाई प्रत्येक टोल विकास संस्था मार्फत बस्तीस्तरसम्म पुऱ्याइनेछ । हरियाली प्रवर्द्धनमा पुऱ्याएको योगदानका आधारमा टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ । गैरसरकारी संस्था, टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई **शहरी सुन्दरता अभिवृद्धि** कार्यक्रममा सहभागी बनाइनेछ ।

७७. बस्ती स्तरका सडकहरुमा कालोपत्रे गर्दा हरियाली प्रवर्द्धन कार्यक्रमलाई टेवा पुर्याउने गरी **वृक्षरोपण कार्यक्रमलाई समेत लागत स्टिमेटमा** समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकास गरिनेछ ।

७८. **३६५ दिने सरसफाई अभियानलाई निरन्तर**ता दिन उत्प्रेरित गरिनेछ । सफा शहरका सूचकहरुमा आधारित रही सरसफाईका क्रियाकलापहरु अगाडि बढाइनेछ ।

७९. जलेश्वर **"ग्रीन वेल्ट"** को रुपमा विकास गरिनेछ ।

**टोल विकास संस्था :**

८०. सहभागितात्मक योजना तर्जुका पद्धतिलाई सबल बनाउन निर्वाचित जनप्रतिनिधि एवं टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम संचालन गर्ने सरकारी एवं गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गरिनेछ । टोल विकास संस्थालाई नगरको विकासमा सहभागी बनाउन र उनीहरुसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासलाई गति प्रदान गर्नको लागि निश्चित रकम छुट्टाइनेछ । टोल विकास संस्थाको समग्र कार्यसम्पादनका आधारमा थप रकम प्रदान गरिनेछ । टोल विकास संस्थाको संचालन कार्यविधि तयार गरी संस्थाहरु थप गतिशील तवरले संचालित हुनको लागि मार्ग प्रशस्त गरिनेछ । नगरभित्र रहेका आमा समूह, युवा क्लव, किशोरी समूह र विभिन्न समूह र संजालको रेकर्ड अद्यावधिक गरी टोलको विकासमा सक्रिय बनाइनेछ । टोल विकास संस्था, आमा समूह विभिन्न क्लबलगायतका सामुदायिक संस्थाहरुलाई विभिन्न निर्माणलगायतका सामाजिक क्रियाकलापहरुमा समन्वय, सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

**गैरसरकारी संस्था**

८१. गैरसरकारी संस्थाहरुले संचालन गर्ने सबै कार्यक्रमहरु नगरपालिकाको वार्षिक योजना किताबमा अनिवार्य रुपमा समावेश गरी नगरपालिकाको पूर्वस्वीकृती लिई नगरपालिकाले तोकेको वर्ग र क्षेत्रमा कार्यक्रम संचालन गर्ने प्रणालीको विकास गरिनेछ । गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरुबाट पारदर्शी उत्तरदायी सेवा प्रवाह गराउन निर्देश गर्दै आवश्यक सहयोग पुऱ्याइनेछ ।

८२. नगरपालिकाभित्र क्रियाशील **गैरसरकारी संस्थाहरुको प्रोफाईल** तयार गरि गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी बनाईनेछ ।

**खेलकुदः**

८३. खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ । खेलको विकास र विस्तारका लागि नगरपालिका, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरुको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरुको स्तरोउन्नती गरिनुका अतिरिक्त **वडा नं २ को खेलकुद मैदानलाई प्रदेश स्तरको खेलमैदानको** रुपमा पूर्वाधार निर्माण गरिनेछ ।

८४. नगरभित्रका अन्य फुटबल मैदान, क्रिकेट ग्राउण्ड, भलिबल ग्राउण्ड, कवर्ड हल लगायतका संरचनाहरुको उचित व्यवस्थापन गरिनेछ ।

८५. निजी सामुदायिक र संघसंस्थाहरुको सहकार्यमा राष्ट्रिय तथा नगरस्तरीय खेलकूद प्रतियोगिताको आयोजना गरिनेछ । तिलोत्तमा रनिङ्ग शिल्ड प्रतियोगिता सुरुसँगै **नगरपालिकास्तरीय मेयर कप क्रिकेट तथा फुटबल प्रतियोगिता** सुरुवात गरिनेछ ।

८६. नगरपालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । खेलकूद विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वियनमा ल्याइनेछ ।

८७. नगरस्तरीय खेलकुदको प्रवर्द्धनका लागि नगरस्तरीय **"खेलकुद विकास समिति"** गठन गरिनेछ ।

**युवा सम्मान कार्यक्रम**

८८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ । युवाहरुको क्षमता प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ । प्रत्येक वडाका युवाहरुलाई सीपमूलक तालिम प्रदान गरिनेछ । युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसन, सकारात्मक सोंच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ । **युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रम संचालन** गरिनेछ । युवा प्रतिभा उद्यमीको खोजी कार्यक्रम संचालन गरिनेछ । युवा उद्यमी केन्द्र स्थापनाको लागि अध्ययन गरिनेछ । युवाको साहस, सिर्जनाशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई **नगरको मानवीय पूंजीको रुपमा** स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिनेछ ।

८९. खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपत, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रुपान्तरणलगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ । आगामी स्वयंसेवक परिचालन र व्यवस्थापन कार्यविधि तयार पारी स्वयंसेवक दस्ता खडा गरिनेछ । हरेक स्वयंसेवक दस्ता मार्फत नैतिकता नागरिक गुण एवं अनुशासनको विकास गर्न मुलुक र नगरप्रति दायित्वबोध गराउने तथा श्रमको सम्मान गर्ने अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

**स्वयंसेवक सेवा :**

९०. नगरको समग्र विकासमा सबै क्षेत्र र समुदायकै बराबर दायित्व रहेको हुन्छ । यस नगरपालिकाको शहरी क्षेत्रमा सेभ जलेश्वर नामको संस्थाले अभियानको रुपमा अगाडि सारेको नगर सरसफाई र हरियाली प्रवर्द्धन कार्यक्रम एउटा उदाहरण हो । स्वयंसेवी क्रियाकलाप संचालन गर्न गैरसरकारी संघ-संस्था, नागरिक समाज, निजी क्षेत्रहरु सक्रिय रहेका छन् । स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडि बढाइनेछ ।

९१. **नगर प्रमुखको नेतृत्वमा स्वयंसेवक परिचालन रणनीति तय गरिनेछ ।** स्वयसेवालाई व्यक्तिको जीवन पद्दतिको रुपमा विकास गर्न सबै विद्यालय तथा शिक्षण संस्थालाई आह्वान गरी विद्यार्थीहरुमा स्वयंसेवी भावनाको विकास हुने प्रणालीको शुरुवात गरिनेछ । **औपचारिक अध्ययनको अङ्गकै रुपमा स्वयंसेवालाई अङ्गिकार** गर्ने प्रणालीको विकास गरिनेछ ।

९२. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यवहारिक बनाउन नीतिगत खाका तयार गरिनेछ । **राष्ट्र सेवाको रुपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरुलाई स्वयंसेवकको** रुपमा परिचालित हुने अवसर सिर्जना गरी उत्प्रेरित गरिनेछ । प्राविधिक, व्यवसायिक एवं व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरुलाई समेत नगरको आवश्यकता अनुसार स्वःस्फूर्त परिचालित हुने व्यवस्था मिलाइनेछ ।

९३.

**न्यायिक समिति :**

९४. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनअनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वियन गरिनेछ । बाँकी रहेका कानूनहरुको निर्माण कार्य अगामि आर्थिक वर्षको ३ महिना भित्र सम्पन्न गरी कार्यान्वियन ल्याइनेछ । न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।

९५. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ । नयाँ कानून, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ । **स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो** र थप व्यवस्थित गरिनेछ ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण :**

९६. महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामाग्री उत्पादन, प्रकाशन, प्रशासन र वितरण गरिनेछ । सञ्चार माध्यमसँगको सह-कार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न रेडियो जिङ्गल उत्पादन तथा प्रसारण, पोष्टर, होर्डिङ्ग बोर्ड राख्ने जस्ता कार्य गरिनेछ । महिलामाथि हुने **हिंसा न्यूनीकरणका लागि अभियान संचालन** गरिनेछ । किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ ।।

९७. **एकल महिलाको** नाममा संचालित व्यवसाय र एकीकृत सम्पत्ती करमा १५ प्रतिशत छुट उपलब्ध गराइनेछ ।

९८. पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापिना कार्यक्रम संचालन गरिनेछ । **अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना** निर्माणको पहल गरिनेछ । जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा बालअधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९९. **बालमैत्री स्थानीय शासन कार्यक्रम**लाई विशेष अभियानका साथ संचालन गरिनेछ । सार्वजनिक जग्गाको व्यवस्थापन गरी यसै आर्थिक वर्षदेखि केही वडामा **बाल उद्यान** निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१००. बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी **बालश्रम, बाल विवाह न्यूनीकरणका लागि अभियानात्मक** कार्यक्रम संचालन गरिनेछ ।

१०१. जेष्ठ नागरिकहरुको सम्मानका लागि सरोकारवालाहरुको संयोजनमा **"ज्येष्ठ नागरिक स्वास्थ्य शिविर तथा यागशिविर " "ज्येष्ठ नागरिक सम्मान" जस्ता प्रभावकारि** कार्यक्रम संचालन गरिनेछ ।

१०२. नगरपालिकाको वडा नं.२ जिरोमाईलमा आधुनिक पार्क सहितको **"ज्येष्ठ नागरिक मिलन"** केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

१०३. **जातीय विभेद न्यूनीकरण र समतामूलक समाज निर्माणका** लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

१०४. किशोर किशोरीहरूलाई **साथी शिक्षा (Peer Education),** प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ । समावेशी विकासका सम्बन्धमा संविधान प्रदत्त हकहरु तदारुपकताका साथ कार्यान्वियनमा ल्याईनेछ ।

१०५. नगर क्षेत्रभित्र आधुनिक **“बाल उद्यान”** निर्माण कार्यको थालनी गरिनेछ ।

१०६. नगर भित्रका विभिन्न **दासंस्कार** स्थलहरुको स्तरोउन्नती तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

**भू-उपयोग नीति र सार्वजनिक जग्गा व्यवस्थापन :**

१०७. भू-उपयोग योजना तर्जुमा गरी भू-उपयोग नीतिले अंगिकार गरेका प्रावधान अनुसार औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन, वन उद्यानलगायतका क्षेत्रहरु तेकिनेछ । नगरपालिकाभित्र रहेका ऐलानी, पर्ती र **सार्वजनिक जग्गाको नक्साङ्कन र सिमाङ्कन** गरी संरक्षण र प्रवर्द्धनका लागि उपयुक्त कार्ययोजनाका साथ काम सुरु गरिनेछ । भू-उपयोग नीति २०७२ ले निर्दिष्ट गरे अनुसारको भू-उपयोग योजना निर्माण गर्न चालु आर्थिक वर्षमा कार्य प्रारम्भ गरी आगामी आर्थिक वर्षमा कार्यान्वयनमा ल्याइनेछ । **घर जग्गाको विक्री वितरणलाई वैज्ञानकि रुपमा व्यवस्थापन** गरिनेछ ।

१०८. अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत संकलन तथा तारबार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अतिक्रमित सार्वजनिक जग्गाको पहिचान गरी पुनः सार्वजनिकीकरण गर्न सबैको सहयोग लिइनेछ ।

१०९. सम्पूर्ण नगरको **पुनर्नापीको कार्यक्रमलाई** म्याचिङ्ग फण्डको रुपमा रकम विनियोजन गरी पुनर्नापी कार्यक्रम संचालन गरिनेछ ।

**गरिवी न्यूनीकरण :**

११०. **'एक घर : एक बैंक/सहकारी खाता, एक महिला : एक बैक/सहकारी खाता अभियान'** सञ्चालन गरी सरकारको आर्थिक/सामाजिक सहयोग सबै परिवारमा सिधै पुग्ने वातावरण मिलाइनेछ ।

१११. **“सामाजिक परिचालन कार्यक्रम”** र स्थानीय विकास कोषको कार्यक्रमलाई पुनमूल्याङ्किन कार्यविधि निर्माण मार्फत प्रभावकारी रुपमा अगाडि बढाइनेछ । स्थानीय विकास कोषको रकमलाई यकिन सहित प्रभावकारिताको लेखजोखा गरी नयाँ सोचका साथ अगाडि बढाइनेछ ।

**यातायातः**

११२. सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिनेछ । मुख्य राजमार्गमा **टि्परबाट हुने दुर्घटनालाई न्यूनीकरण** गर्नका लागि सरोकारवालासँग छलफल गरी उपयुक्त रणनीति अपनाइनेछ । ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य-मुख्य बजार केन्द्रमा **ट्राफिक संकेत** चिन्हहरु निर्माण गरिनेछ । ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यातायात कम्पनीहरुसंगको सहकार्यमा जथाभावी फोहोर फाल्ने कार्यको अन्त्य गरी **सवारीसाधनमा नै डष्टबिन** राख्ने व्यवस्थाका लागि आवश्यक कार्य गरिनेछ ।

११३. छिमेकी नगरपालिका तथा गाउ पालिकाहरु सँग सहकार्य गरीगत विगत देखियस नगरपालिकामा संचालनमा रहेका सार्वजनिक निजी साझेदारी ढाँचामा नगरबस संचालन र व्यवस्थापनलाई प्रभावकारि वनाउन नगर स्तरीय नगर प्रमुख ज्यूको अध्यक्षतामा समिति गठन गरी कार्यविधि तयार गरि प्रभावकारि रुपमा संचालन गरिनेछ ।

**खानेपानी तथा सरसफाई :**

११४. नेपाल सरकार, प्रदेश सरकार, उपभोक्ता समिति र स्थानीय नागरिकको सहभागिता , लागत साझेदारीमा खानेपानी तथा सरसफाईको सेवा क्षेत्र विस्तार र विश्व बैङ्कको सहयोगमा सेवा स्तर वृद्धिका लागि आवश्यक प्रक्रिया अगाडि वढानुका साथै प्रशोधन केन्द्र सहितको ढल निर्माण योजनाको कार्य आगाडी बढाइनेछ । आर्थिक वर्ष २०७५/७६ लाई **सरसफाई वर्ष घोषणा** गरी अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ । खानेपानी प्रदाय संस्थाहरु र सम्बन्धित वडा कार्यालयहरु बीच सघन समन्वयको कामलाई प्राथमिकता दिइनेछ । यसै आ.व.०७५।०७६ मा खुलादिसा मुक्त नगरपालिका बनाईने छ ।

११५. खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुसँगको साझेदारीमा जनचेतना अभिवृद्धि कार्यक्रम मार्फत सरसफाईलाई दिगो बनाउन तालीम तथा क्षमता विकासका कार्यक्रमलाई टोल विकास संस्था मार्फत वस्तीस्तरमा पुऱ्याइनेछ । आर्थिक वर्ष २०७५/०७६ लाई संघीय सरकारले घोषण गरेको राष्ट्रिय सरसफाई अभियान वर्षलाई टेवा पुर्याउन र नगरपालिकालाई पनि **पूर्णसरसफाईयुक्त नगरपालिका घोषणा गर्नको लागि आवश्यक रणनीति** तय गरी कार्यान्वयनमा ल्याइनेछ । सरसफाईमा नमूनाको रुपमा प्रस्तुत हुने **टोल विकासका संस्थाहरुलाई पुरस्कृत** गरिनेछ ।

११६. सबैलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउनको लागि **“एक घर-एक धारा वा कल ” को** कार्यक्रमलाई खानेपानी संस्था, प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा अगाडि बढाइनेछ । हैण्डपाईपबाट समेत खानेपानीको व्यवस्थापन गरिने छ ।

११७. खानेपानी योजना सुरु नभएका वडाहरुमा सह-लगानी खानेपानीका योजनाहरु संचालन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ । साथै अन्य वडाहरुमा क्षेत्र विस्तारका लागि समेत आवश्यक सहयोग र पहल गरिनेछ ।

११८. पवित्र सुन्दर हरीत समृद्ध जलेश्वर को नारा अनुसार यस नगरको फोहर व्यवस्थापन का लागि विश्व बैङ्क (World Bank) को सहयोगमा आधुनिक फोहर प्रसोधन केन्द्रको निर्माण कार्य अगाडी बढाइने छ ।

**राजस्व प्रशासन :**

११९. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा **प्रगतिशील कर प्रणालीको** अवलम्वन गरिनेछ । करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ । आगामी आर्थिक वर्षमा **राजस्व सम्भाव्यता अध्ययन** गरी राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ । सबै वडा कार्यालयमा अप्टिकल फाईवर जडान गरी राजस्व राजस्व प्रशासनलाई छिटो, छरितो, करदातामैत्री र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

१२०. नेपाल सरकारको निर्णयानुसार स्थानीय तहलाई प्राप्त **घर बहाल कर** संकलनको अधिकारलाई "संक्षिप्त मापदण्ड" जारी गरी "वृहत अभियान" का साथ संकलन गरिनेछ । स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आगामी श्रावण १ गते देखि **"एकीकृत सम्पत्ती कर"** लागू गरिनेछ । यो कर लागू गर्दा जग्गाको मूल्यांकन र दरलाई सर्वसाधारणको हितलाई ध्यान दिएर निर्धारण गरिनेछ । साथै करका सर्वमान्य सिद्धान्त, कर लागू गरेका अन्य पालिकाहरुको असल अभ्यास, विज्ञ एवं आमनगरबासीहरुको राय, परामर्शका आधारमा **वैज्ञानिक र सामाजिक न्यायका सिद्धान्तका आधारमा प्रगतिशील ढाँचामा कर** लगाईनेछ ।

१२१. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्राप्त अधिकारको अधिनमा रही माटो लगायतका नदीजन्य पदार्थ, हाटबजारलगायतका नगरपालिकाका सम्पत्तिको रुपमा रहेका राजस्वका स्रोतहरुको पहिचान गरी ठेक्कापट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिनेछ । सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई **"उत्कृष्ट करदाता"**को रुपमा पुरस्कृत गरिनेछ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ ।

**योजना तर्जुमा, अनुगमन एवं तथ्याङ्क प्रणाली तथा अनुसन्धान र विकासः**

१२२. नगरबासीहरुका विकासका आकांक्षालाई पूरा गर्न एवं समृद्ध नगरको सपनालाई यथार्थतामा परिणत गर्न योजना प्रणालीको अहंम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यवहारिक समुदायको अवनत्व रहने, टिकाउ र गुणस्तरीयता निर्माणको कार्यलाई सुनिश्चितताका साथ **प्रोजेक्ट बैंक**लाई परिस्कृत तवरले संचालन गरिनेछ । केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको **"दीर्घकालिन योजना"** निर्माण गरिनेछ ।

१२३. उक्त योजनामा स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार लगायत नगर सरकारका सबै प्राथमिकताहरु समावेश गरिनेछ । नगरको समग्र विकासको खाका कोर्नको लागि नगर प्रमुख अध्यक्षतामा पाच सदस्यीय **"नगर योजना आयोग"** को गठन गरिनेछ । **Think Tank** को रुपमा **विषय विज्ञहरुको Roster** खडा गरिनेछ । आगामी आर्थिक वर्ष २०७५/०७६ मा विभिन्न आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम **७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने** सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक संयन्त्र परिचालन गरिनेछ । योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाममुखी अनुगमनलाई प्राथमिकता दिइनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।

**सार्वजनिक सेवा प्रवाह, सुशासन क्षमता विकास**

१२४. नगरपालिकाको मुख्य प्रशासनिक भवन, अतिथि गृह, सभाहल निर्माण कार्यलाई अगामि आ.व.मा अगाडि बढाइनेछ । अब बन्ने नगरपालिकाको प्रशासनिक भवनलाई **"मिनी सिंहदरवार"** र **भविष्यको उपमहानगरको मुख्यालय** रहेनगरी रहनेगरी आवश्यक पूर्वाधारको निर्माण गरी सुविधा सम्पन्न अत्याधुनिक प्रशासनिक केन्द्रको रुपमा विकास गरिनुका साथै आधुनिक बगैचा, विद्युतीय पुस्तकालय, एटिएम, बैंकको एक्टेन्सन काउन्टरलगायतका सुविधाहरु उपलब्ध गराई **एकद्वार प्रणालीमार्फत सेवा** पुर्याउने गरि कार्य प्रारम्भ गरिनेछ ।

१२५. कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापनयोग्य सूचक सहितको **"कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली"** निर्माण गरी कर्मचारीलाई प्रोत्साहित गर्न अतिरिक्त सेवा र समयको आधारमा सुविधा प्रदान गरिनेछ । नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने **कर्मचारीलाई पुरस्कृत** गर्ने प्रणालीको विकास गरिनेछ ।यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा राम्रो कार्य सम्पादन गरेका, अनुसाशित,कार्यालयको कामकाज ,सेवा ग्रहिलाई छिटो छरितो सेवा दिने लगायत करार सम्झौतामा उल्लेख भए अनुसार सन्तोषजनक कार्यगर्ने कर्मचारिकोहकमा नगरप्रमुख ज्युको अध्यक्षतामा समिति गठन गरी म्याद थप तथा करार समझौता गरिने छ ।

१२६. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत विगत नौ वर्ष भन्दा बढी समय देखी अनवरत रुपमा यस नगर पालिकामा सामाजिक परिचालक तथा कार्यालय सहायक पदमा रही कामकाज गर्दै आएका मध्ये करार समझौता वमोजिम संतोषजनक कामकाज गर्ने कर्मचारीहरुलाई उक्त कार्यक्रम अवधि थप भए सोही कार्यक्रममा निरन्तरता दिने र उक्त कार्यक्रमको अवधि थप नभएको खण्डमा यस न.पा. बाट संचालित अन्य कार्यक्रम तथा योजनामा प्राथमिकताको आधारमा नगर प्रमुख ज्यूको अध्यक्षतामा गठन हुने समितीको सिफारिसमा निरन्तरता वा कामकाजमा लगाईने छ ।

१२७. नगरपालिका वा सम्पूर्ण वडाहरुमा **कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह** गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ ।

१२८. नगरपालिकाको **संगठन संरचना अध्ययन** गरी नगर सरकारको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिनेछ ।

१२९. विभिन्न स्थानमा रहेका सरकारी तथा **सामुदायिक भवनहरुको रेकर्ड अद्यावधिक** गरी अधिकतम प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१३०. मोवाईल एप्लिकेशन निर्माण गरी नगर सरकारका आधारभूत सूचना, करका दर, फोहोरमैला सेवा शुल्क, फोहोर उठ्ने कार्यतालिका लगायतका अन्य समसामयिक सूचनाहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१३१. नगरपालिका कार्यालयलाइ **ISO Certificate** प्राप्त गर्नका लागि चुस्त व्यवस्थापकीय प्रणालीको अवलम्वन, आवश्यक भौतिक पूर्वाधार एवं जनशक्ति विकास लगायत संगठन संरचनाको ढाँचा तयार पारी सोही अनुसार व्यवस्थापकीय प्रणालीको विकास गरिनेछ । नगरपालिका भित्रको दर्ता, चलानी तथा महत्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि अफिस **Automation प्रणालीलाई** आगामी आर्थिक वर्षदेखि कार्यान्वियनमा ल्याइनेछ ।

१३२. नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी ३ वर्षमा नगरपालिकालाई **"उत्कृष्टताको केन्द्र" (Center for Excelence)** को रुपमा विकास गरिनेछ । सदाचार प्रवर्द्धन गर्न र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा **शुन्य सहनशीलता (Zero Tolerance)** को नीति अवलम्वन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानूनको दायरमा ल्याईनेछ ।

१३३. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ । नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाउँदै **काम पन्छाउने प्रणालीलाई पूर्ण** रुपमा निरुत्साहित गर्दै नजितामुखी कार्यप्रणालीको विकास गरिनेछ ।

१३४. प्रचलित कानूनको अधिनमा रही थप नगर प्रहरीको भर्ना गरी नगरको नियमनकारी भूमिलाई प्रभावकारी बनाइनेछ भने बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा कडाईका साथ अनुगमन गरी **स्थानीय सरकारको अनुभूति** गराइनेछ ।

१३५. जनप्रतिनिधि, कर्मचारीलगायत नगरभित्रका विभिन्न जातजाति, भाषाभाषि, वर्ग, समुदायहरुको **क्षमता अभिवृद्धि** गर्ने सन्दर्भमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१३६. नगर भित्र रहेका **सुरक्षा निकायहरुको भौतिक पूर्वाधार, सवारी** साधनको उपलब्धता, दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक रणनीतिको अवलम्वन गरिनेछ ।

१३७. स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरु बीच **सुरक्षा व्यवस्थालाई सवल** बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

१३८. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई **स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्था**लाई प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याइनेछ ।

**अगामी आर्थिक वर्ष ०७५/०७६ मा गरिने कार्य समबन्धि विशेष व्यवस्थाहरु**

१. वडा कार्यालय संचालनको लागि आ.ब. ०७५/०७६ देखी स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार वाडा कार्यालय संचालन तथा इनधन खर्चको लागि छुट्टा-छुट्टै चालु खर्चमा रकम छुटयाईने छ ।

२. सम्पुर्ण निर्वाचित पदाधिकारीहरुलाई प्रदेश सरकारले पास गरे वमोजिमको पारिश्रमिक चालु खर्चमा छुटयाईने छ ।

३. सम्पुर्ण निर्वाचित वडा सदस्यहरुलाई आ-आफ्नो वडामा विभिन्न किसिमको लगत संकलन लागायतको कार्य गर्न कठिनाई भई रहेकोले यसै आ.ब. देखि वडा सदस्यहरुलाई साईकल हस्तान्तरण गर्ने कार्यक्रम अगाडी बढाईएको छ ।

४. कार्यपालिका सदस्य तथा वडा अध्यक्षहरुलाई आ-आफ्नो वडा तथा नगरको विकास निर्माण लगायत विभिन्न किसिमको लगत संकलन लागायतको कार्य गर्न कठिनाई भई रहेकोले यसै आ.ब. देखि मोटरसाईकल हस्तान्तरण गर्ने कार्यक्रम अगाडी बढाईएको छ ।

५. मनिपाल इन्जिनियरिङ्ग कलेज स्थापना गर्ने प्रयोजनको लागि भारतको मनिपाल ग्रुपले हाल जलेशवर न.पा. ८ मा अवस्थित जग्गा न्यून मूल्यमा खरीद गरी यस नगरपालिका बाट कलेज स्थापनाको लागि घर तथा कम्पाउण्ड वालको नक्शा समेत इजाजत लिई उद्येश्य वमोजिमको प्रयोजन नगरी अटेर गरी वसेकोले नेपाल सरकार लगायत

तालुकवाला निकायहरु संग छलफल गरी नगर प्रमुख ज्यूको अध्यक्षतामा समिति गठन गरी अविलम्ब कलेज स्थापनाको लागि पहल गर्ने र सो नभए अन्य बैकलपिक माध्यम प्रयोग गर्ने ।

६. आ.ब. २०७५/०७६ बाट सम्पूर्ण वडा कार्यालय मार्फत कर, पञ्जीकरण आदि सेवा अनलाईन मार्फत गरिने व्यवस्था गरिने छ ।

७. नगर पालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवा चुस्त दुरुस्त र सहज तुल्याइने छ ।

८. वडा स्तरबाट छनोट भई आएका योजना संचालनका लागि उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ र त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न सम्बन्धित वडाले नियम अनुसारको उपभोक्ता समिति गठन गरी न.पा.ले तोकेको समयाअवधिमा समभौता गरी सक्नु पर्ने छ ।

९. उपभोक्ता समितिबाट संचालन हुने योजना र कार्यक्रमामा सम्बन्धित लाभग्राहीको दिगो विकास र अपनत्व बोध हुने ठोस निर्माण कार्यमा १० प्रतिशत जनश्रमदान र कच्ची निर्माण कार्यमा २० प्रतिशत जनश्रमदान सहभागिताको अनिवार्य व्यवस्था गरिएको छ ।

१०. जलेश्वर नगरपालिकाको नाम जलेश्वरनाथ नगरपालिका राख्न प्रदेश सरकार मार्फत केन्द्र सरकारमा सिफारिस गरिनेछ ।

११. मुख्य बजार क्षेत्र बाहेक आबासीय क्षेत्रबाट ५०० मिटर सम्मको दुरीमा मदिरा पसल वा मदिरा सहितको होटल राख्न नपाउने गरी आवश्यक व्यवस्था लागु गरिनेछ तथा नगर क्षेत्र भित्र संचालित होटेल रेस्टुरेन्ट तथा आवासीय लजहरुलाई जुन उद्येश्य लिई संचालन गरेको हो सो को व्यापक रुपमा अनुगमन गरी आवश्यक कारबाही र न.पा.ले तोकेको मापदण्डमा ल्याईने छ ।

१२. यस कार्यालयबाट अवकास भएका र अवकास हुने कर्मचारीहरुको निवृत्तिभरण सुविधा तथा उपदान प्रदान गर्न आवश्यक न.पा.को क्षमता अनुसारको रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

१३. **एकीकृत सम्पत्ति करको तयारी** : यस नगरपालिकामा पनि आगामी साउन १ गतेदेखि एकीकृत **सम्पत्ति** कर लागु गर्ने तयारी गरिएको छ ।

१४. **ठूला विकास आयोजनाका लागि पहल** : नगरपालिकाले आफ्नै स्रोतबाट निर्माण गर्न नसक्ने ठूला आयोजना निर्माणका लागि यस क्षेत्रका प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यज्यूहरुका साथै संघीय र प्रदेश सरकार लगायत अन्य निकायलाई आग्रह गरिने छ ।

१५. **नगर प्रहरी परिचालन** : स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्थाअनुसार नगर प्रहरी नियुक्त गरी परिचालन गरिएको छ । हाल तीन जना रहेका नगर प्रहरीको संख्या बढाइने छ भने यसलाई व्यवस्थित बनाउन नहर प्रहरी परिचालन कार्यविधि यसै नगरसभामा जारी गरिने छ ।

१६. नगर क्षेत्रमा डिपिआर प्रस्ताव तयार हुने क्रममा रहेका महत्वपूर्ण आयोजनाहरु निम्नानुसार रहेका छन् : एकीकृत ढल निकास योजना, जलेश्वर रिंगरोड, सहरी तथा ग्रामिण मुल सडक ३० किलो मिटर, जलेश्वर बसपार्क निर्माण, विभिन्न परियोजनका लागि अत्याधुनिक भवन, फोहर व्यवस्थापनको लागि फोहर प्रसोधन निर्माण, खेलकुद मैदान संगै मूलसडक छेउमा पसल भवन, मुख्य पोखरीहरु जिर्णोधार गर्ने कार्य तथा मुख्यराजमार्गको छेउमा दुवै तर्फ ड्रेनेज निर्माण गर्ने कार्य लगायत अन्य महत्वपूर्ण पूर्वाधार तथा अन्य कार्य ।

१७. **प्रस्तावित आयोजनाहरु** : एकीकृत सडक विकास आयोजना, खानेपानी आयोजना, बसपार्क, फोहोरमैला प्रशोधन केन्द्र, खेल मैदान, कृषि उपज संकलन, प्रशोधन केन्द्र तथा कोल्ड स्टोर, लगायत रहेका छन् ।

१८. विभिन्न नगरपालिका/ गाउँपालिकाका जनप्रतिनिधिहरुले हाम्रो नगरपालिको **अध्ययन भ्रमण** गर्ने वातावरण तैयार गर्ने कार्यक्रम राखिएको छ ।

१९. पिगौना र प्रकौलिको सिमामा अवस्तिथ ग्रेटर जलेश्वर वस्ती,जलेश्वर २ स्थित शहर विसतार अफसरा कोलोनि लगायत अन्य क्षेत्रलाई बृक्षा रोपन सहित नमुना सुविधा सम्पन्न वस्तीको रुपमा विकास गरीने छ ।

२०. जलेश्वर अस्पताल परीसरमा रहेको सवगृहलाई व्यवस्थीत गर्ने पहल गर्ने छ ।

२१. टावर लाइट जडान कार्य लाई प्रथमिकता का साथ अगाडी बढाइने छ ।

नेपाल सरकार र युनिसेफ बीच सन २०१८ फेब्रवरीमा कन्ट्री प्रोग्राम एक्सन प्लान, २०१८ -२०२२ कार्यान्वयन सम्बन्धमा सम्भौता भए अनुसारको ३० महिने रोलीङ्ग प्लान अनुसारको स्वास्थ्य, शिक्षा,पोषण, बालसंरक्षण, खानेपानी तथा सरसफाई, विपद्जोखीम न्यूनीकरण र बाल केन्द्रित योजनाहरुको कार्यान्वयन गर्न जम्मा रकम रु.२०,४६०,९६०.०० लाई नगर सभामा पारित गर्ने प्रयोजनका लागि पेश गरेको छु ।

**उपस्थित सभासदस्यहरु**

अहिलेको अवस्थामा हाम्रा सामु देहाय वमोजिमका प्रमुख चुनौतीहरु देखा परेका छन ।

२२. नगरपालिकाको दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन गर्ने संघीय सरकारलाई बारमबार आग्रह गर्दा ध्यान नदिएको कारण मौजुदा उपलब्ध कर्मचारीको भरमा तोकिएको कार्य सम्पादन गर्न अपठ्यारो भयो ।

२३. नयाँ कर क्षेत्रहरु पहिचान गरी राजश्व परिचालन गर्ने तथा हाल लागु भएका करहरु समेत समेत संकलन गरी राजस्व वृद्धि गर्ने चुनौती देखिएको ।

२४. स्थानीय तह संचालन गर्न विभिन्न कानुनहरु अनुसार कार्य सम्पादन गर्न जनप्रतिनिधि, कर्मचारी तथा सरोकार राख्ने व्यक्ती संघ, संस्थाहरुलाई क्षमता अभिववृद्धि गर्नु पर्ने ।

२५. स्थानीय तह संचालन गर्न विभिन्न कानुनहरु अनुसार कार्य सम्पादन गर्न जनप्रतिनिधि, कर्मचारी तथा सरोकार राख्ने व्यक्ती संघ, संस्थाहरुलाई क्षमता अभिववृद्धि गर्नु पर्ने ।

२६.	स्थानीय तहमा हालको संरचना अनुसार पदाधिकारी तथा कर्मचारीहरुलाई कार्य कक्षको अभाव देखिएको ।
२७.	पदाधिकारी तथा कर्मचारीहरुबाट आ– आफ्नो जिम्मेवारी अनुसारको कार्य सम्पादनमा कमी महशुस भएको ।

**अन्त्यमा,**

**आदरणीय महानुभावहरु !**

- प्रस्तुत नीति तथा कार्यक्रम जलेश्वर लाई समृद्ध बनाउने मार्गदर्शक दस्तावेज हो । नगरलाई समृद्ध बनाउन सबै नगरबासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो । महोत्तरीको केन्द्रमा रहेको यस नगरपालिकालाई विकासका दृष्टिकोणले नमूना बनाउन हामीहरु दत्तचित्त भएर लागेका छौं । नगरको विकास सबैको विकास हो । यसैले विकास/निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरबासीलाई हार्दिक आग्रह गर्दछौं । हामीले नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसाथ गर्नेछौं । विकास/निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं ।
- अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वियनका लागि सम्पूर्ण सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु, विभिन्न संघ संगठनहरु, गैरसरकारी संस्थाहरु, निजी तथा सहकारी क्षेत्रलगायत सबैको सद्भाव, सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित नगर सभाबाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथ बिदा लिन्छु ।

धन्यवाद ! नमस्कार !!

राम शंकर मिश्र
नगर प्रमुख
जलेश्वर नगरपालिका, २नं.प्रदेश महोत्तरी
२०७५साल श्रावण १० गते